# डाक्नेश्वरी नगरपालिका
**Dakneshwori Municipality**
# नगर कार्यपालिकाको कार्यालय
**Office of the Municipal Executive**
पातो, सप्तरी
**Pato, Saptari**

Website: dakneshworimun.gov.np
Email: info@dakneshworimun.gov.np
मधेश प्रदेश, नेपाल
**Madhesh Province, Nepal**


## सेवा करारमा कर्मचारी भर्ना सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८०/१२/२२)**

यस डाक्नेश्वरी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा तपसिलका पदहरूमा खुला प्रतिस्पर्धाबाट सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले निम्न अनुसारका योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र आवश्यक कागजात सहित दरखास्त पेश गर्न नगर कार्यपालिकाको मिति २०८०/११/१६ को निर्णय बमोजिम यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | माग संख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १ | ०१-८०/८१ | कृषि स्नातक प्राविधिक | छैठौं | १(एक) | नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कृषि विज्ञान विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको । |
| २ | ०२-८०/८१ | रोजगार संयोजक | छैठौं | १(एक) | - नेपाल सरकारबाट मन्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको,<br>- आधारभूत कम्प्यूटर सीप सम्बन्धी कम्तीमा ३(तीन) महिनाको तालिम प्राप्त गरेको । |
| ३ | ०३-८०/८१ | रोजगार सहायक | पाँचौ | १(एक) | - नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको,<br>- आधारभूत कम्प्यूटर सीप सम्बन्धी कम्तीमा ३(तीन) महिनाको तालिम प्राप्त गरेको |
| ४ | ०४-८०/८१ | उद्यम विकास सहजकर्ता | चौथो | १(एक) | - CTEVT बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्श उतीर्ण गरेको, वा<br>- CTEVT बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सीप परीक्षण तह २ वा ३ उतीर्ण गरेको, वा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | - CTEVT बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी प्राविधिक प्रवेशिका परीक्षा (TSLC) उतीर्ण गरेको,<br>- आधारभूत कम्प्यूटर सीप सम्बन्धी कम्तीमा ३(तीन) महिनाको तालिम प्राप्त गरेको । |

१) **दरखास्त दिने स्थानः** डाक्नेश्वरी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, पातो, सप्तरी ।

२) **दरखास्त दिने अन्तिम मितिः** २०८१/०१/०६ गते कार्यालय समय भित्र ।

३) **उमेर हदः** दरखास्त दिने अन्तिम मितिमा कृषि स्नातक प्राविधिक र रोजगार संयोजकको हकमा २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको तथा रोजगार सहायक र उद्यम विकास सहजकर्ताको हकमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

४) **आवेदन दस्तुरः** कृषि स्नातक प्राविधिक र रोजगार संयोजकको लागि रु. १,०००/- (एक हजार) तथा रोजगार सहायक र उद्यम विकास सहजकर्ताको लागि रु. ५००/- (पाँच सय) ।

५) **छनौटको किसिमः** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित परीक्षा र अन्तरवार्ता ।

६) **सेवा सुविधा तथा अन्यः** प्रचलित कानूनमा व्यवस्था भए बमोजिम ।

७) **आवश्यक कागजातहरुः** नागरिकता प्रमाणपत्र, न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्क पत्र तथा चारित्रिक प्रमाणपत्र, कम्प्यूटर सीप तालिमको प्रमाणपत्र र अनुभव भए सोको कागजात समेत उम्मेदवार स्वयंले प्रमाणित गरेको उल्लेखित कागजातहरूको प्रमाणित प्रतिलिपी र हालसालै खिचिएको पासपोर्ट साइजको ३(तीन) प्रति फोटो ।

८) आवेदनको ढाँचा, सम्बन्धित पदको कार्यविवरण, पाठ्यक्रम लगायत पदपूर्ति सम्बन्धी अन्य विस्तृत जानकारी https://www.dakneshworimun.gov.np मा उपलब्ध हुनेछ ।

.....................

**(कुन्दन कुमार कर्ण)**

**प्रमुख प्रशासकीय अधिकृत**